# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ३ संख्या – १६ मितिः ०४ माघ २०७६

## भाग - १

## बेनीघाट रोराङ गाउँपालिका गरिबी निवारण (गरिबसँग विश्वेश्वर) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६

बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश

# बेनीघाट रोराङ गाउँपालिकाको गरिबी निवारण (गरिवसंग विश्वेश्वर) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६

**गाउँसभाबाट स्वीकृत मिति : २०७६ पौष २५**

## पृष्ठभूमिः

हाम्रो देशमा विकराल समस्याको रुपमा रहेको विद्यमान गरिवीलाई निवारण गरी विपन्न जनताको आर्थिक गरिवीलाई निवारण गर्ने प्रमुख उद्देश्य राखी विविध क्षेत्रगत तथा लक्षित कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिएका छन् । अति विपन्न परिवारहरुलाई लक्षित गरी गरिवसंग विश्वेश्वर नामक एउटा राष्ट्र व्यापी गरिवी निवारण कार्यक्रम २०५६ साल देखि मुलुकका सबै निर्वाचन क्षेत्रमा संचालन गर्ने गरिएको थियो । गरिवी निवारणका लागि कार्यक्रमका माध्यमवाट गरिवहरुलाई आर्थिक, सामाजिक साधन एवम् श्रोत र सुविधाहरुमा पहुँच वढाउन आवश्यक छ जसले गरिवहरुको आत्मविश्वास वढ्नुका साथै विकास तर्जुमा,कार्यान्वयन र संचालनमा सक्रिय सहभागिता हुन गई तिनिहरुलाई मुल प्रवाहमा संलग्न हुन सक्ने अवसर प्रदान गर्दछ । उक्त कुरालाई आत्मासाथ गर्दै गरिवसंग विश्वेश्वर कार्यक्रमले आर्थिक रुपले अति विपन्न परिवारहरुलाई विकास प्रकृयामा संलग्न हुने अवसर सृजना गर्न खोजेको छ । यस कार्यक्रमलाई गरिवी निवारणका लागि लक्षित गरेर संचालित अन्य कार्यक्रमहरुसंग निकटम र समन्वयात्मक सम्वन्ध राख्दै दोहोरो नपर्ने गरी संचालन गर्न गरिवसंग विश्वेश्वर कार्यक्रमद्वारा गरिवी निवारणलाई निरन्तरता दिने भनी घोषणा गरे अनुसार हालको विद्यमान संरचनामा रही यस कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ४ को च (१) को कार्यान्वयन गर्न यो निर्देशिका तयार गरी लागु गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

क) यस निर्देशिकाको नाम  "वेनीघाट रोराङ गाउँपालिका गरिवी निवारण (गरिबसंग विश्वेश्वर) कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७६" रहेको छ ।

ख) यो निर्देशिका वेनीघाट रोराङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "ऐन " भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई जनाउँछ ।

## ३. उद्देश्यः

वेनीघाट रोराङ गाउँपालिका भित्र संचालित कार्यक्रममा अति विपन्न परिवारलाई रोजगारी तथा आयमुलक क्रियाकलापहरुको माध्यमद्वारा सामाजिक, आर्थिक क्रियाकलापमा संलग्न गराउँदै गरिबीको रेखावाट माथि उठाई स्वावलम्वन तर्फ अग्रसर गराउनु यसको मुलभुत उद्देश्य रहेको छ । यसका अतिरिक्त अन्य विशिष्ट उद्देश्यहरु यस प्रकार छः(

३.१ सामाजिक परिचालनका माध्यमवाट विपन्न परिवारलाई संगठित हुने अवसर सृजना गर्ने ।

३.२ स्थानीय स्तरमा मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्ने ।

३.३ आन्तरिक वचत संकलन र परिचालन गर्ने ।

३.४ शिक्षा,स्वास्थ्य, पिउने पानी, तालिम कृषि प्रसार, प्रविधि वजार व्यवस्थापन र वजार प्रणाली आदीसंग गरिवको पहुंच वढाउने ।

३.५ आय अभिवृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासंग गरिवको पहुंच वढाउने ।

३.६ परम्परागत सिपलाई आधुनिकिकरण गर्दै लघु उद्यमवाट स्वरोजगार सृजना गर्ने ।

३.७ निर्णय प्रकृयामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हुने अवसर सृजना गरी उनीहरुको आत्मविश्वास वढाउदै सशक्तिकरण गरिनुका साथै स्वावलम्वी हुन अग्रसर गराउने ।

३.८ समुदायमा आधारित संस्थालाई विधिवत कानुनी मान्यता दिई संस्थागत विकासलाई अगाडि वढाउने ।

**४. कार्यक्रम कार्यान्वयन कार्यनीतिः कार्यकम कार्यान्वयन गर्दा देहायका कार्यनीतिहरुको अवलम्वन गरिने छः**

४.१ वेनीघाट रोराङ गाउँपालिकामा गाउँ कार्यपालिकाको नेतृत्वमा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

४.२ निर्धारित सुचकहरुको माध्यमवाट अति विपन्न परिवारहरुको पहिचान गरिनेछ ।

४.३ विपन्न परिवारका सदस्यहरुलाई स्वेच्छिक रुपमा समुह तथा सामुदायिक संस्थामा संगठित हुन उत्प्रेरित गरिनेछ ।

४.४ समुह संस्थामा संलग्न व्यक्तिहरुलाई आधारभूत तालिममा संलग्न गराईने छ ।

४.५ स्वेच्छिक रुपमा सामुहिक वचत संकलन र परिचालन गर्न सक्रिय गराईनेछ ।

४.६ समूह वा संस्थामा संलग्न व्यक्तिहरुलाई सामाजिक (शिक्षा, स्वास्थ्य, पिउनेपानी पोषण, वातावरण, कृषि प्रसार प्रविधि सिंचाई आदि) क्रियाकलापमा संलग्न हुने अवसर सृजना गरी पहुँच वढाईनेछ ।

४.७ समुह सदस्यलाई परिचयपत्र(कार्ड)का माध्यमद्वारा परिचित गराई सेवालाई सुव्यवस्थित गराईनेछ ।

४.८ आय अभिवृद्धिका क्रियाकलाप तथा लघुउ द्यमका लागि सस्थाको माध्यमवाट समुह जमानी लघु कर्जा उपलब्ध गराईनेछ ।

४.९ सीप अभिवृद्धि तथा विकासका लागि सिप विकास तालिमहरुमा पहुँच वढाईनेछ ।

४.१० कर्जा प्राप्ती पश्चात व्यवसायलाई कुशलतापूर्वक संचालन गराउन व्यवसाय व्यवस्थापन तालिममा सरिक हुने अवसर सृजना गरिनेछ ।

४.११ समुह संस्थाका योजनाहरुलाई स्थानीय तहको सहभागिता मुलक योजना प्रकृयासंग आवद्ध गराईने छ ।

४.१२ समुह वा संस्था आफैले अनुगमन गरी आफ्नो कार्यक्रम गर्नेछन् ।

४.१३ संस्थागत अनुगमन प्रकियालाई व्यवस्थित गराईनेछ ।

**५. कार्यक्रम संचालन गर्दा देहाय अनुसार गरिनेछः**

५.१ यो कार्यक्रमको संचालनको लागि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले केन्द्रिय तहमा समन्वय गर्नेछ । गाउँमा गाउँपालिका मार्फत स्थानीय विकास कोष समितिवाट कार्यक्रम संचालन गरिनेछ ।

५.२ कार्यक्रम कार्यान्वयन, समन्वय एवम सामाजिक परिचालकहरुको परिचालन गर्न गाउँपालिका र मन्त्रालय वीच यस कार्यक्रमको स्रोत परिचालनलाई प्रभावकारी पार्न मन्त्रालयले गाउँपालिकामा एक जना समन्वयकर्ता तोक्न सक्नेछ । समन्वय सेवा सशर्त मन्त्रालयले तोके वमोजिम हुनेछ ।

५.३ यो कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि विनियोजित रकम मध्येवाट गाउँपालिकालाई एकमुष्ठ सशर्त अनुदान प्राप्त हुनेछ । गाउँपालिकाले कार्यक्रम संचालनको लागि यस निर्देशिका र प्रचलित कानुन वमोजिम रकम बाँडफाँड गरी खर्च गर्ने तथा सोको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

५.४ केन्द्रमा यसको समन्वयका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सहयोग शाखाले सम्पर्क इकाईको रुपमा काम गर्नेछ ।

५.५ यस कार्यका लागि स्थानीय निकाय सहयोग शाखालाई सहयोग गर्ने गरी गरिवी निवारणको लागि गरिवसंग विश्वेश्वर कार्यक्रम समन्वय ईकाईको व्यवस्था गरिनेछ जसमा देहायका कर्मचारीहरु कार्यक्रम अवधि भरका लागि करारमा नियुक्त गरिनेछः(

| | |
|---|---|
| क) छैटौ तहको सुविधा प्राप्त गर्ने गरी कार्यक्रम संयोजक | १ जना |
| ख) कार्यालय सहायक कम्प्युटर अपरेटर (ना.सु. सरहको) | १ जना |
| ग) कार्यालय सहयोगी | १ जना |

**६ . कार्यक्रम संचालनमा संलग्न निकायहरुको भूमिकाः**

(क) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. कार्यक्रमको कार्यान्वयनका सम्वन्धमा केन्द्रस्तरमा समन्वय तथा अन्य आवश्यक कार्यहरु गर्ने

२. कार्यक्रमको सम्पर्क इकाई तोक्ने । यसका लागि मन्त्रालयको स्थानीय निकाय सहयोग शाखालाई सम्पर्क इकाईको रुपमा तोकिनेछ ।

३. केन्द्रस्तरमा कार्यक्रम तर्जुमा एवं स्वीकृत गर्ने, प्रतिवेदन गर्ने, राष्ट्रिय योजना आयोग अर्थ मन्त्रालय र यस्तै प्रकृतिका कार्य गर्ने अन्य निकायसंग समन्वय गर्ने समिक्षा जस्ता कार्यहरु गर्नेछ

(ख) गरिवी निवारणको लागि (गरिबसंग विश्वेश्वर) कार्यक्रम समन्वय इकाई

१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय निकाय सहयोग शाखा अन्तर्गत रही आवश्यक कार्यहरु गर्ने ।

२.कार्यक्रमको तर्जुमा प्रतिवेदन तथा अन्य आवश्यक कार्यहरुका लागि शाखालाई सहयोग गर्ने ।

**(ग) अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग**

१. कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्वन्धमा आवश्यक सल्लाह र सुझावहरु दिने ।

२.कार्यक्रमका लागि आवश्यक श्रोत प्रवन्ध मिलाउने ।

**(घ) गाउँपालिका**

१. कार्यक्रमको स्वीकृत गर्ने र त्यसको अनुगमन गर्ने ।

२. कार्यक्रम संचालनका क्रममा आवश्यक समन्वय/समीक्षा/प्रतिवेदन गर्ने गराउने ।

**(ङ) जिल्ला समन्वय समिति**

१. गाउँपालिकाद्वारा स्वीकृत कार्यक्रमको अनुगमन गर्ने

२. कार्यक्रम संचालनका क्रममा आवश्यक समन्वय गर्ने

**(च) स्थानीय विकास कोष समितिको सचिवालय**

१. तोकिएको मापदण्डको आधारमा अति विपन्न परिवारको छनौट गर्न सहयोग गर्ने ।

२. कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न स्वीकृत कार्यक्रमको आधारमा रही कार्यक्रम लागु भएको क्षेत्रमा सभा गोष्ठी बैठक आदिको आयोजना गर्ने ।

३. गाउँपालिकामा कार्यक्रम र वजेट स्वीकृतीको लागि पेश गर्ने ।

४. कार्यान्वयन क्षेत्रमा गई कार्यक्रम कुन रुपमा कसरी संचालन भैरहेको छ त्यसको अनुगमन गर्ने र स्थानीय निकायसंग समन्वय राखी कार्यक्रमको समीक्षात्मक बैठक आयोजना गर्ने ।

५. नियमित रुपमा कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी सो को प्रतिवेदन सम्वन्धीत निकाय तथा केन्द्रीय स्तरमा पठाउने ।

६. समुह वा संस्थाहरुसंग प्रत्यक्ष सम्वन्ध राखी तिनीहरुवाट संचालित सामाजिक र आर्थिक रोजगार मूलक क्रियाकलापहरु अघि बढाउन सहयोग पुऱ्याउने

७. कार्यक्रमलाई उद्देश्य अनुरुप प्रभावकारी बनाउन प्रयासरत रहने ।

८. गरिवी निवारण कार्यक्रमलाई दोहोरोपन नपर्ने गरी संचालन गर्न व्यवस्था गर्ने ।

९. वीउ पूँजी चालु कोषको प्रभावकारी व्यवस्थापन गर्ने ।

१० कार्यरत कर्मचारीहरुको परिचालन तथा आवश्यक व्यवस्था गर्ने ।

११. सामाजिक परिचालकहरुलाई कार्यस्थलमा खटाउने ।

**७. यस कार्यक्रमको कार्यान्वयन क्षेत्र देहायनुसार हुनेछः**

यो कार्यक्रम साविक कार्यक्षेत्र छनौट भै कार्यक्रम लागु भएका बेनिघाट रोराङ गाउँपालिकामा संचालन गरिनेछ ।

**८. अति विपन्न परिवार छनौटका आधारहरुः** यो कार्यक्रम संचालन गर्दा यस गाउँपालिका भित्रका अति विपन्न परिवार छनौटका आधारहरु यस प्रकार हुनेछः

अति विपन्न परिवारको छनौट गर्दा निर्देशिकामा उल्लेख भएका निश्चित मापदण्डको आधारमा अध्यक्षको संयोजकत्वमा यस गाउँपालिका स्थित स्वास्थ्य कार्यकर्ता, कृषि विकास वैक लगायतका सरकारी निकायका

प्रतिनिधिहरु र संसदमा प्रतिनिधित्व भएका राजनैतिक दलका स्थानीय प्रतिनिधिहरु समेत राखी निष्पक्ष ढंगले छनौट गरी गाउँपालिकामा प्रस्तुत गरिनेछ । अति विपन्न परिवार छनौट प्रकृयामा सामाजिक परिचालकले पूर्ण सहयोग गर्नु पर्छ । अति विपन्न परिवार छनौटका आधारहरु देहाय अनुसार हुनेछः

८.१ सम्पतिको स्वामित्व

**(क) सम्पतिविहिनः**

अ) आफ्नो घर जग्गा नभएको

आ) अधिया कमाएर खाने ।

इ) अरुको जग्गामा घरछाप्रो बनाएर वसेको ।

ई) हली कमैया जस्तै अरुमा आश्रित भै बसेका ।

**(ख) खेतियोग्य जग्गाः**

(अ) पहाडमा सिंचित २ रोपनी भन्दा घटी तथा असिंचित ५ रोपनी भन्दा घटी पाखा बारी भएको ।

**(ग) घरको किसिमः**

अ) घर नै नभएको ।

आ) घरले ओगटेका क्षेत्रफल न्यून भएको सानो झोपडी भित्ता भएको ।

इ) माटो स्याउला नरकट बाँस आदिको घरको भित्ता भएको ।

ई) माटोको गारो वा कच्ची इट्टाको प्रयोग गरी वनाएको घर ।

उ) स्लेट पाइने स्थानमा पनि खर र फुसको छाना भएको ।

**(घ) आयस्तरः**

प्रति घर परिवारको मासिक २५०० भन्दा कम आम्दानी भएको ।

८.२ खाद्यन्न सुरक्षा पोषण स्थिति

(क) मुस्किलले २ छाक टार्ने गरेको ।

(ख) आफ्नो जग्गा जमिनको आयस्तरवाट ३ महिना भन्दा बढी खान नपुग्ने ।

(ग) महिला र बच्चाहरु कुपोषित भएको, बच्चाहरुको उमेर अनुसार उचाई र तौल नपुगेको ।

८.३ रोजगारीको स्थिति

(क) मजदुरी र ज्यालामा काम गर्ने अदक्ष श्रमिक मात्र भएको ।

(ख) अर्काको खेतबारीमा काम गर्ने र अधियार कमैयाको रुपमा काम गर्ने गरेको ।

(ग) परिवारको कुनै सदस्य स्थायी रुपमा रोजगारमा नभएको ।

८.४ सामाजिक स्थिति

(क) अशक्त, अपाङ्ग ( दृष्टीविहिन,लंगडो, दुवै हात खुट्टा नचल्ने,हात नभएको ,कुँजो आदि)

(ख) निरक्षर परिवार र केटाकेटी विद्यालय नजाने गरेको ।

(ग) आधारभूत स्वास्थ्य सेवाको सुविधावाट टाढा भएको ।

(घ) केटाकेटीको संख्या बढी भएको ।

ङ) शौचालय नभएको ।

**९. यस कार्यक्रम अन्तर्गत लक्षित परिवार छनौट गर्ने प्रकृया देहाय बमोजिम हुनेछः**

लक्षित परिवारलाई निम्न प्रकृया मध्ये कुनै एक तरिका अवलम्वन गरी वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले छनौट गर्नुपर्ने छ ।

(क) संक्षिप्त घरधुरी सर्वेक्षणवाट सवै परिवारको आधाभूत तथ्याङ्क लिने ।

(ख) सहभागितामूलक सम्पति स्तरीकरण (Participatory Wealth Ranking) गर्ने ।

**१०. यस कार्यक्रमको लागि सामाजिक परिचालकको व्यवस्था र भूमिका तपसिल बमोजिम हुनेछः**

१०.१ यस कार्यक्रमका लागि साविकमा नियुक्ति भई कार्यरत कर्मचारीहरुलाई नै प्राथमिकता दिई काममा लगाईनेछ ।

१०.२ कार्यक्षेत्रको आधारमा सामाजिक परिचालकको संख्या थप गर्नुपर्ने भएमा मन्त्रालयको सहमति लिई सम्वन्धित गाउँपालिका वाटै सम्वन्धित कार्यक्षेत्र भित्रका योग्यता पुगेका महिला उम्मेद्वार मध्येवाट प्रति कार्यक्षेत्र एक जनाका दरले सामाजिक परिचालकहरु नियुक्त गर्न सकिनेछ । तर पूर्व नियुक्ति पाएका सामाजिक परिचालकलाई काममा लगाउन वाधा पर्ने छैन ।

१०.३ सामाजिक परिचालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय विकास कोष समिति प्रति पूर्ण जवाफदेही हुनपर्ने र प्रमूख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशनमा कार्यरत रहनुपर्ने ।

(ख) तोकिएको मापदण्डका आधारमा विपन्न परिवारको छनौट गर्न सघाउने ।

(ग) विपन्न परिवारलाई समुहमा आउन उत्प्रेरित गर्ने ।

(घ) समुह संस्थाका सदस्यहरुलाई आवश्यक तालिमको व्यवस्था गरी तालिम आयोजना गर्ने ।

(ङ) समुह संस्थाका सदस्यहरुको वचत संकलन, परिचालनमा उत्प्रेरित गर्ने, खाता, पासबुक लेखा व्यवस्थित गर्न सघाउने ।

(च) समुह संस्थाका प्रतिभाशाली व्यक्तिहरुलाई तिनीहरुको प्रतिभा अनुसार सीप विकास प्रवर्द्धन तर्फ क्रियाशिल गराउने ।

(छ) समुहलाई आय अभिवृद्धिको क्रियाकलापमा संलग्न गराउने ।

(ज) समुह संस्थाका सदस्यहरुको आवश्यकता अनुसार कर्जाको सिफारिस गर्ने ।

(झ) कर्जाको सदुपयोगिता तर्फ समुहलाई सजग गराउने र कर्जाको नियमित अनुशरण अनुगमन गर्ने ।

(ञ) समुह संस्थाको वार्षिक योजना तर्जुमा गरी तदनुसार कार्यक्रम गर्न प्रयत्नशील रहने ।

(ट) समुह संस्थाको योजनालाई स्थानीय निकायको योजनासंग समन्वय राखी स्थानीय निकायको योजनामा समावेश गर्ने, गराउने ।

(ठ) सामुदायिक क्रियाकलाप र पूर्वाधार निर्माणमा समुह संस्थामा कार्यक्रम संचालन गर्ने गराउने ।

( ड) समुह र संस्थाको नियमित वैठकमा भाग लिने र सहयोग पुऱ्याउने

(ढ) सामाजिक कुरीति हटाउन र सामाजिक जागरण ल्याउन सदैव प्रयत्नशील रहने ।

(ण) उत्कृष्ठ समुह र सदस्यको पहिचान मापदण्डका आधारमा गरी पुरस्कारका लागि सिफारिस गर्ने ।

**११. यस कार्यक्रममा रहेको साविकको अक्षय कोषको सम्वन्धमा देहाय अनुसार गरिनेछः**

यो कार्यक्रम विगतमा संचालन हुँदा परिचालन गरिएको अक्षय कोषको रकम तथा विउँ पूँजी ( समुहमा लगानी गरेको ऋण समेत) रकमलाई यसै निर्देशिका अनुसार स्थानीय विकास कोष समितिको सचिवालयले कार्यक्रम तर्जुमा गरी परिचालन गर्नेछ ।

**१२. बाधा अडकाउ फुकाउनेः**

यस निर्देशिकाको सम्वन्धमा कुनै अस्पष्टता आएमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सो स्वीकृत पछि आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउने छ ।

**१३. खारेजी र बचाउः**

यस अघि जारी भएका गरिवसंग विश्वेश्वर कार्यक्रमसंग सम्वन्धित निर्देशिका तथा परिपत्रहरु खारेज गरिएका छन । सो अनुसार यस अघि भए गरेको काम यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**

**लक्ष्मण प्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**